# चौरजहारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## रुकुम(पश्चिम), कर्णाली प्रदेश, नेपाल

## मिति २०७५/०३/२४ गते देखी २०७५/०५/२० गते सम्म भएको अविरल वर्षाको कारण आएको बाढी पहिरो र भूक्षयबाट चौरजहारी नगरपालिका भरी भएको क्षतिको यथार्थ विवरण संकलन गरि पेश गर्न गठित छानविन समितिको प्रतिवेदन २०७५


**प्रतिवेदन प्रस्तुत कर्ताहरु**

१. नि.प्र.प्र.अधिकृत श्री प्रदिप सुनार (चौरजहारी नगरपालिका) - संयोजक
२. प्रहरी निरिक्षक श्री प्रकाश चन्द्र गुप्ता (ई.प्र.का.चौरजहारी) - सदस्य
३. कार्यपालिका सदस्य श्री लाल बहादुर बुढा (चौरजहारी नगरपालिका) - सदस्य
४. ईन्जिनियर श्री उज्वल गिरी (चौरजहारी नगरपालिका) - सदस्य


चौरजहारी नगरपालिका

**प्राक्कथन :**

यही असार २४ गते देखि भाद्र २० गते सम्मको अविरल बर्षाको कारण आएको बाढि पहिरो र भूक्षयले रुकुम (पश्चिम) जिल्लाका विभिन्न स्थानमा धनजनको क्षति पुऱ्याएको सन्दर्भमा प्रकोपबाट सबैभन्दा बढि प्रभावित भएको क्षतिको एकिन विवरण छानविन गरि प्रतिवेदन पेश गर्न चौरजहारी नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत श्री प्रदिप सुनारको संयोजकत्वमा छानविन समिति गठन गरि जिम्मेवारी सुम्पिनु भएकोमा नगर प्रमुख विशाल शर्मा ज्यू लगायत समितिमा रहनु हुने एवम् आमन्त्रित सम्पूर्ण पदाधिकारीहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छौं ।

प्रतिवेदन तयारीको क्रममा अहोरात्र जिम्मेवारीमा खटिएर घटनाको यथार्थ विवरण तयार गर्न सहयोग गर्नुहुने सुरक्षा निकायका प्रतिनिधि, प्रकोप सम्बन्धि घटनाहरुलाई यथाशिघ्र सार्वजनिक गरि सरोकारवाला निकायहरुलाई तत्काल राहत तथा उद्धारको लागि घचघच्याउने सम्पूर्ण पत्रकार एवम् सन्चारकर्मि, उद्धार तथा राहत कार्यमा प्रत्यक्ष रुपमा खटिएर धनजनको क्षति हुने अवस्थालाई न्यूनिकरण गर्न महत्वपूर्ण योगदान नर्गुहुने नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं । आफू बसेको स्थानको यथार्थ सूचना र जानकारी समयमै उपलब्ध गराई संभावित क्षति न्यूनिकरणमा योगदान गर्नुहुने एवम् यस प्रतिवेदन निर्माण गर्ने कार्यमा आ-आफ्ना स्थानबाट साथ र सहयोग गर्नुहुने सम्पूर्ण आम नगरवासी जनसमुदायको उच्च सम्मान गर्न चाहन्छौं ।

नगरपालिका भरीका संभव भएसम्मका विपद् प्रभावित स्थानहरुको स्थलगत अध्ययन भ्रमन गरि एवम् प्राप्त तथ्यांक र विवरणहरुको विश्लेषण गरि प्रतिवेदन तयार पारिएको छ ।

छानविन समितिका संयोजक तथा सम्पूर्ण सदस्यहरु

चौरजहारी नगरपालिका

## सारांश :

गत वर्षको विकास प्रक्रियामा जोखिम न्यूनिकरणलाई मूल प्रवाहीकरण गर्न नसक्दा धनजनको ठूलो नोक्सानी मात्र नभई पूर्वाधार संरचनामा समेत ठूलो क्षति पुग्न गएको छ । सरकारले विभिन्न नीति, रणनीति तथा संस्थागत व्यवस्था गरी विपद् जोखिम न्यूनिकरण तथा उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन खोजेको छ । विभिन्न राज्य वाहेकका संयन्त्रहरु पनि विपद् व्यवस्थापनमा सक्रियताका साथ संलग्न भएका छन् ।

विपद् पश्चातको केही घण्टामा जति समुदायले हजारौंको जीवन बचाउन तथा उद्धार गर्न सक्दछ त्यति धेरै घण्टा वा दिनमा बाहिरबाट आउने सहयोगले जीवन बचाउन तथा उद्धार गर्न सक्दैन । समुदाय वा स्थानीय स्तरमा रहेका समूह वा संगठन त्यस्ता कर्ता हुन जसले प्रभावित जनसंख्यालाई आपत्कालीन तयारी तथा उद्धारमा सहयोग गर्न सक्दछन् । चौरजहारी नगरपालिकामा धनसम्पति जग्गा जमिन अन्नपातको क्षति भएता पनि कुनै मानविय क्षति हुन पाएन यसको मूल कारण स्थानीय जनप्रतिनिधि, कर्मचारी, समुदाय र सुरक्षा निकायको तत्कालको खटनपटन र क्रियाशिलता एवंम इमान्दारिता नै हो ।

जबसम्म विपद् सम्वद्ध विद्यमान संस्था, कानून, नीतिगत संरचना, सोच र व्यवहारमा परिवर्तन हुदैन, सामुदायिक क्षमता विकास, सहभागीता, सचेतना अभिवृद्धि, प्रभावकारी सञ्चार जस्ता कुराहरु ओझेलमा पर्छन् तब सम्म विपद्ले समुदायका संकटासन्न समुहहरुलाई आक्रमण गरिरहन्छ, विपद् गरिबको लागि दशा बनिरहन्छ। राष्ट्रिय स्तरका योजनाहरु नभए पनि स्थानीय तहमा रहेका प्रभावकारी योजनाले जनता तथा तिनका सम्पत्तीको सुरक्षा तथा संरक्षण गर्न सक्छ। राष्ट्रिय स्तरको योजनाहरु आवश्यक छन् । तर स्थानीय तहमा रहेका संगठन तथा समुदायको सहयोग र सहभागिताविना जनताले त्यसबाट लाभ प्राप्त गर्न सक्दैनन् वा थोरै मात्र लाभ प्राप्त गर्दछन् ।

यही असार २४ गते देखिको अविरल वर्षाको कारण देशैभरीको दैनिक जनजीवन प्रभावित भईरहेको सन्दर्भमा रुकुम(पश्चिम) जिल्ला चौरजहारी नगरपालिका बढि प्रभावित एवंम संवेदनशिल क्षेत्रमा रहेको छ । अविरल वर्षापछिको बाढि पहिरो र भूक्षयबाट हालसम्म नगरपालिकाभरीमा प्रभावित घरपरिवार ८५ रहेकोमा १४ घरपरिवारको घर नै नष्ट भएको छ भने आंशिक रुपले आवास क्षति भएका २७ घरपरिवार पीडित रहेका छन् ।

प्रकोपको कारण कृषियोग्य भूमि वगरमा परिणत भएको सयौं रोपनीमा लगाईएको धानवाली तथा मकैवाली नष्ट भएको केही स्थानहरुमा अझै पनि जोखिमको अवस्था सिर्जना भएको छ । जसबाट २७ घरपरिवारले १९,०२,०००।- बराबरको क्षति व्यहोर्नु परेको छ ।

जहारीखोला, खहरेखोला, नार्जीखोला, लापुरखोला, ठुलाखोला, कटजेखोला, कालिगारखोला, सेतिगारखोला, मानाकोटखोला, चिन्नेबगरखोला, चैतेखोला, दमदमेखोला र साक्चाखोला जस्ता खोलाहरुको कारण क्षति भएको छ । यसलाई रोखथाम गर्न खोला किनारहरुमा तटबन्धन गर्नु आवश्यक छ ।


चौरजहारी नगरपालिका

## चौरजहारी नगरपालिका :




## १. पृष्ठभुमी

### १.१ चौरजहारी नगरपालिकाको परिचय :

नेपालको कर्णाली प्रदेश अन्तर्गत रुकुमको पश्चिम भागमा अवस्थित रहेको चौरजहारी नगरपालिकाको स्थापना हुनु भन्दा पहिला विजयश्वरी, कोटजहारी, खोलागाउ, नुवाकोट र पुर्तिमकाडाँ गाविसको (केही भाग) रुपमा रहेको थियो । स्थानीय तह गठन हुनुभन्दा पहिला स्थानिय निकायको रुपमा विजयश्वरी गाविस र कोटजहारी गाविस मिलि चौरजहारी नगरपालिका मिति २०७२।०६।०१ मा स्थापना भएको थियो । संघीयता सहितको संविधानको मर्म अनुरुप मिति २०७३।११।२७ गते नेपाल अधिराज्य भरि ७५३ स्थानीय तहको गठन भइ नेपाल राजपत्रमा समेत प्रकाशित भयो । यसै सन्दर्भमा यस चौरजहारी नगरपालिकाको क्षेत्रफल १०७ वर्गकिलोमिटर रहेको छ भने यहाँको जनसख्या २७४३८ रहेको छ । पहाडी जिल्ला रुकुमको सन्दर्भमा यो चौरजहारी नगरपालिका आर्थिक एंव पुर्वधार विकासको दृष्टिकोणले निकै सम्भावना भएको नगरपालिका हो । यहाको भौगोलिक वनावट र प्राकृतिक श्रोत साधनमा निकै अगाडी रहेको छ । चौरजहारी उर्वर फाँट देखि लिएर ढुंगे खानिहरु र जहारीखोलाको किनारमा रहेको उर्वर जमिन देखि खोलागाउ मुलजिउला सम्मका कृषि उत्पादनयोग्य फाँटहरु यस नगरपालिकाका गहनाहरु हुन । यस नगरपालिकामा एउटा एयरपोर्ट रहेको छ । नेपाल

सरकारको योजनामा परेको १० वटा नयाँ शहर मध्ये चौरजहारी पनि एक भएको हुदा विकास सम्भावना प्रवल छ । साँस्कृति धार्मिक एंव जातिय विविधताले भरिपुर्ण यस नगरपालिकामा धार्मिक सहिष्णुता र सामाजिक सद्भाव नै शान्त र समृद्ध नगर निर्माणको आधार हो । हाल वडा नं। २ मा नगरपालिकाको केन्द्र रहेको छ । भेरी नदीको किनारमा अवस्थित चौरजहारी रुकुम, सल्यान, जाजरकोट र डोल्पाको मुख्य व्यापारिक केन्द्र भनेर चिनिन्छ ।

"आत्मनिर्भर, एकता र समृद्ध नगरको निर्माण, चौरजहारी नगरवासीको पहिचान" भन्ने मुल नारालाई आत्मसाथ गदै यस चौरजहारी नगरपालिका क्षेत्रको समृद्वी, समुन्नति र विकासको लागि नगरपालिका परिवार अगाडि बढिरहेको छ ।

## चौरजहारी नगरपालिकाको सिमाना :

| | | |
|---|---|---|
| पूर्व | - | त्रिवेनी गाँउपालिका |
| पश्चिम | - | भेरी नदि |
| उत्तर | - | सानीभेरी गाँउपालिका |
| दक्षिण | - | कुमाख गाँउपालिका, सल्यान |

## नगरपालिकामा रहेका वडाहरु :

चौरजहारी नगरपालिकामा जम्मा १४ वटा वडा रहेका छन ।

| क्र.सं. | साविकका न.पा. । ग.वि.स. | साविकका वडा | हालका वडा |
|---|---|---|---|
| १ | चौरजहारी | १, २ | १ |
| २ | चौरजहारी | ३ | २ |
| ३ | चौरजहारी | ४, ५ | ३ |
| ४ | चौरजहारी | ६ | ४ |
| ५ | चौरजहारी | ७ | ५ |
| ६ | चौरजहारी | ८ | ६ |
| | पुर्तिमकाँडा | ४, ५ | |
| ७ | चौरजहारी | ९ | ७ |
| ८ | चौरजहारी | १० | ८ |
| | पुर्तिमकाँडा | ९ | |
| ९ | चौरजहारी | ११ | ९ |
| १० | खोलागाउँ | १, २, ९ | १० |
| ११ | खोलागाउँ | ३, ४, ५ | ११ |
| १२ | खोलागाउँ | ६, ७, ८ | १२ |
| १३ | नुवाकोट | ५, ६, ७, ८ | १३ |
| १४ | नुवाकोट | १, २, ४, ९ | १४ |

चौरजहारी नगरपालिकाले नगरमा रहेका वडाहरुको घरधुरी सर्वेक्षण गरेको छ। जसमा महिलाको १४८४२ जनसंख्या र पुरुषको १५३६० जनसंख्या गरि जम्मा ३०२०२ जनसंख्या रहेको छ।

चौरजहारी नगरपालिकाको वडागतरुपमा जनसंख्या विवरण :

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा संख्या |
| १ | ५३१ | १४०८ | १४४१ | २८४९ |
| २ | २२० | ५७७ | ६२० | ११९७ |
| ३ | ४२८ | १०७१ | १०९५ | २१६६ |
| ४ | ३८१ | १०५९ | १०८० | २१३९ |
| ५ | ३२९ | ९१० | ९४१ | १८५१ |
| ६ | ४०१ | ११२२ | ११८६ | २३०८ |
| ७ | ३६० | ८९८ | ९६४ | १८६२ |
| ८ | ३७० | १०९७ | १११३ | २२१० |
| ९ | २८४ | ८४२ | ८५५ | १६९७ |
| १० | ३१४ | ९३५ | ९४१ | १८७६ |
| ११ | ३७२ | १०४९ | १०५३ | २१०२ |
| १२ | ४१२ | १११३ | ११४२ | २२५५ |
| १३ | ३७२ | ११११ | ११०३ | २२१४ |
| १४ | ५३० | १६५० | १८२६ | ३४७६ |
| **जम्मा** | **५३०४** | **१४८४२** | **१५३६०** | **३०२०२** |

श्रोत चौरजहारी नगरपालिकाको घरधुरी सर्वेक्षण -२०७४

चौरजहारी नगरपालिका

## १.२ प्राकृतिक प्रकोप र यसले पार्ने प्रभाव :

भौगोलिक विषमता, भौगर्भिक वनावट, जलवायु परिवर्तन, अव्यवस्थित आवास र सामाजिक तथा साँस्कृतिक मूल्य मान्यताजस्ता विभिन्न कारणले नेपालमा प्राकृतिक तथा गैर प्राकृतिक जोखिमहरु विद्यमान रहेका छन्। नेपाल विपद्को उच्च जोखिममा रहेकोले वर्षेनी मानवीय तथा भौतिक धनजनको ठूलो क्षति हुने गरेको छ। नेपाल भूकम्प, अतिवृष्टि, बाढी पहिरो, हावाहुरी, चट्याङ, आगलागि, खडेरी, महामारी, शीतलहर, हिमताल विष्फोटन जस्ता प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुको दृष्टिले ज्यादै संवेदनशिल मुलुक हो।

यस्ता प्राकृतिक विपत्ती आकस्मिकता भए पनि दीर्घकालीन रूपमा समस्याको समाधान नखोजिँदा वर्षेपिच्छे एउटै समस्याबाट हामी पीडित भइरहेका छौं । वर्षयामसँग पहाडी क्षेत्रमा सुरू हुने पहिराको कारण क्षतिहुने समस्या आजको मात्र होइन ।
प्राकृतिक समस्या पूर्व सूचना दिएर आउँदैन तर यसबाट हुने अनपेक्षित परिणाम आउनु नै संकट हो । नेपाल भूकम्पको जोखिममा छ भन्ने कुरा विदित छ । तराईमा प्रत्येक वर्ष बाढी र आगजनीले जीवन तथा भौतिक क्षति गर्छ भन्ने थाहा भएकै कुरा हो ।

## १.३ चौरजहरी नगरपालिकामा प्राकृतिक प्रकोप र यसले पारेको प्रभाव :

चौरजहारी नगरपाविका भौगोविक रुपमा नै विकट र संवेदनशिल क्षेत्र हो । वडा नं.१, २ र ३ वडाहरु तेति जोखिम नभएता पनि अन्य वडाहरु भने प्राकृतिक प्रकोपका घटनाहरुको दृष्टिकोणले जोखिमपूर्ण अवस्थामा छ ।

पछिल्लो समय IEE र EIA विना नै नयाँ सडकहरु खन्ने एवंम विस्तार गर्ने कार्यले प्राकृतिक प्रकोप बढ्नुमा उत्प्रेरकको रुपमा काम गरिरहेको छ । त्यसकारण अहिले यस नगरपालिकाले IEE र EIA रिपोर्ट नआए सम्म नगर भित्र भूमि उत्खन्न गर्न रोक लगाएको छ । यसले गर्दा केही हद सम्म प्रकोप हुनबाट सुरक्षित हुने छ ।

प्राकृतिक प्रकोप जुनसुकै बेला आउन सक्ने भएकोले यस्ता घटनाहरुबाट जोगिनको लागि जनसाधारणमा चेतना अभिवृद्धि गर्ने काममा प्राकृतिक प्रकोप व्यवस्थापन निरन्तर रुपमा संलग्न रहनुपर्दछ । साथै कुनै पनि प्रकारको प्राकृतिक प्रकोप घटना घट्नेबित्तिकै प्रभावित वर्गको उद्धारको लागि पनि प्राकृतिक प्रकोप व्यवस्थापन सदैव सजग र तयार रहनुपर्दछ। प्राकृतिक प्रकोप व्यवस्थापनले प्रकोपबाट पीडितहरुको जीउ बचाउन, सम्पत्तिको रक्षा गर्न, प्रकोपबाट उत्पन्न हुन सक्ने वातावरणीय प्रदूषण एवं रोगहरुलाई नियन्त्रण गर्न र प्रकोपको प्रभावलाई नियन्त्रण गर्न अविलम्ब प्रयास थालनी गरिनुपर्दछ। प्राकृतिक प्रकोपबाट पीडित व्यक्तिहरुलाई पुनर्स्थापन गर्न र भौतिक विकासका कार्यहरुमा पुगेको क्षतिको मर्मत र पुनर्निर्माणका कार्य थालनी गरी पाँचदेखि दश वर्षको अवधिमा जनतालाई प्रकोपबाट पीडित हुनुभन्दा पूर्वको अवस्थामा ल्याइसक्नुपर्दछ । प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्न र प्राकृतिक प्रकोपबाट पीडितको उद्धार गर्नको लागि विभिन्न क्षेत्रको विकास गर्दै जानुपर्दछ । उपचार गर्नुभन्दा रोगको रोकथाम गर्नु बढी राम्रो हो भनेझैं सकभर प्राकृतिक प्रकोप हुन नदिन उपाय गरिनुपर्दछ । उदाहरणको लागि बढी कटानबाट हुने जन, धन, भूमिको क्षतिलाई रोक्न नदी, कटान नियन्त्रणका उपायहरु अवलम्बन गरिनुपर्दछ । प्राकृतिक प्रकोप उद्धार कार्यका विषयमा जनचेतना बढाउन तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने । वैज्ञानिक आवास विकास कार्यक्रमहरु सञ्चालन गर्ने । प्राकृतिक प्रकोपबाट पीडित परिवारलाई बढी सुरक्षित ठाउँमा राख्ने । भू -गर्भशास्त्री, जलवायु विज्ञानका विशेषज्ञ, हाइड्रोलोजिष्ट, इन्जिनियर, भू-भौतिक शास्त्री, भू-गोलवेत्ता, कृषि र वन विशेषज्ञ जस्ताको समन्वयात्मक सहयोगमा प्राकृतिक प्रकोप पर्न सक्ने क्षेत्रको नक्सांकन गर्ने । प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने समस्याहरुबाट सर्वसाधारणलाई जोगाउन रेडियो, अखबार तथा पत्रपत्रिका, अन्तर्क्रिया कार्यक्रम, गोष्ठी, सेमिनार आदिबाट प्रचारप्रसार गर्ने ।

ईलाका प्रहरी कार्यालय चौरजहारी नगरपाविका रुकुम पश्चिमले पारेको प्रहरी मुचुल्का, चौरजहारी नगरपाविका स्वंयमले गरेको स्थलगत अध्ययन अवलोकन, सुरक्षा निकाय र सम्बन्धित वडा कार्यालयसागको परामर्श समेतले गरेको निर्णय समेतको विवरण, चौरजहारी नगरपालिकाको विपद् व्यवस्थापन समितिले गरेको निर्णय समेतको आधारमा हालसम्म कुनै पनि प्रकारको मानवीय क्षति नभएता पनि घर तथा अन्य संरचना, जमिन, पशुचौपाय लगायत गरि जम्मा ३ करोड ६९ लाख ६३ हजार ४ सय भन्दा बढी धनसम्पत्ती नष्ट भएको अवस्था छ । चौरजहारी नगरपालिका स्थित सबै

खोलाहरुले कटान गरेका छन । जसको व्यवस्थापन, संरक्षण र नियन्त्रणको लागि थप पुनर्स्थापना र पुनर्निर्माणको कार्यक्रम ल्याउनु जरुरी छ ।

## २. उद्देश्य :

- चौरजहारी नगरपाविकाभरी अविरल वर्षाको कारण आएको बाढि पहिरो र भू-क्षयले पुऱ्याएको क्षतिको यथार्थ र वस्तुपरक विवरण संकलन गरी सोको छानविनको आधारमा एकीकृत विवरण तयार गर्न,
- संकलित विवरणहरुको विश्वसनियता र सान्दर्भिकता पहिचान गर्नु,
- संकलित विवरणहरुको आधारमा जिल्ला प्रशासन कायलिय रेडक्रस एवंम सम्बन्धित सरोकारवाला निकायाट प्रदान हुने राहत विवरणको कार्यलाई सरलिकृत र यथार्थपरक लुल्याउनु एवंम् पुनर्स्थापना र पुनर्निर्माणको लागि आवश्यक यथार्थताा आधारित आधारभूत विवरण तयार गर्नु,
- प्रकोपका संभावित कारणहरुको पहिचान गरि सम्बन्धित निकायलाई समाधानका उपायहरु सुझाउनु ।

## ३. अध्ययन विधि :

- प्रहरी मुचुल्का, वडा कार्यालयबाट प्राप्त सिफारिस, नगरपालिकाले पेश गरेको पिडीतहरुको विवरणको अध्ययन,
- स्थलगत अध्ययन भ्रमणबाट प्राप्त तथ्यहरु,
- रेडक्रस, जिल्ला प्रशासन कार्यालय, एवंम् नगरपालिकाले वितरण गरेको राहत विवरण सामाजिक सन्जाल मार्फत प्रकाशित सूचना, तस्विर, भिडियोहरुको अध्ययन एवंम् त्यसबाट निकालिएको निश्कर्ष,

## ४. प्राप्ती :

यही असार २४ गते देखि भाद्र २० गते सम्मको अविरल बर्षाको कारण आएको बाढि पहिरो र भूक्षयले रुकुम (पश्चिम) जिल्लाका विभिन्न स्थानमा धनजनको क्षति पुऱ्याएको सन्दर्भमा प्रकोपबाट प्रभावित भएको छ । जसको कारण कतिपय घर परिवार घरवास विहिन भएका छन कसैको पूर्ण रुपले घर क्षति भएको छ । कतिपय जमिन बाढीको कारण नष्ट भएको छ । यसका अतिरिक्त जोखिममा रहेका घरपरिवारहरुलाई तत्काल सुरक्षित ठाउँमा लैजान एवम् संभावति क्षतिलाई न्यून गर्न नगरपालिका, सम्बन्धित वडा कार्यालय, सुरक्षा निकाय एवम् स्थानीय समुदायको उल्लेखनिय भूमिका रहेको पाईयो । त्यस्तै विपद्को पूर्वानुमान गर्दै नगरपालिका वडा कार्यालय एवंम् सम्बन्धित जनसमुदायले अवलम्बन गरेको सजगता एवंम् क्रियाशिलता सह्रायिन छ ।

## ५. निष्कर्ष :

विपद् प्राकृतिक प्रकोपजन्य घटना हो । यसबाट हुने क्षति भयावह हुन सक्दछ । यस वर्षको अविरल वर्षाको कारण चौरजहारी नगरपालिकामा पनि क्षति भएको पाईयो । बाढि पहिरो र भूक्षयले मानवीय क्षति नभएको भएतापनि ३ करोड ६९ लाख ६३ हजार ४ सय भन्दा बढि लागतको एकीकृत बस्ती विकास कार्यक्रम ल्याउनु पर्ने अनुमान छ । सयौं रोपनी खेतीयोग्य भूमी वगरमा परिणत भएको, किसानले लगाएको मकै, धान खेती नष्ट भएको सन्दर्भमा खाद्यान्नको अभाव हुन गई भोकमरी र अनिकाल जस्तो खाद्य संकट आउन सक्ने संभावना छ । यस संभावनालाई मध्येनजर गर्दै समयमै

चौरजहारी नगरपालिका

खाद्यान्न संकलन, भण्डारण एवंम् वितरणको सुनिश्चितता हुनुपर्ने देखिन्छ । जहारीखोला, खहरेखोला, नार्जीखोला, लापुरखोला, ठुलाखोला, कटजेखोला, कालिगारखोला, सेतिगारखोला, मानाकोटखोला, चिन्नेबगरखोला, चैतेखोला, दमदमेखोला र साक्चाखोला जस्ता खोलाहरुबाट भएको कटान एवंम् क्षतिलाई न्यूनिकरण गर्न र अवरुद्ध स्थानीय सडकहरु सुचारु गर्न तत्काल तटबन्धनको विशेष कार्यक्रम ल्याउनु पर्ने छ ।

अव उप्रान्त सडक निर्माण गर्दा, नदीखोलाहरुबाट बालुवा, गिट्टी, ढुङ्गा निकाल्दा वा वातावरणीय हिसावले संवेदनशील कुनै विकास निर्माणसँग सम्बन्धित कार्य गर्दा अनिवार्य रुपमा प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याकंन गर्नुपर्ने कानूनी व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्न सम्बन्धित सरोकारवाला निकाय सचेत र जागरुक हुनुपर्ने देखिन्छ ।

## ६. सुझावहरु :

प्राकृतिक प्रकोपको कारण क्षतविक्षत भएका स्थानहरुका पिडीत घरपरिवारहरुलाई अनुभुति हुने किसिमले राहत उपलब्ध गराउने एवंम् पुनर्निर्माण र पुनर्स्थापनाको कार्यलाई तत्काल सुरु गरि गति दिन चौरजहारी नगरपालिकाको छानविन समिति, नगरप्रमुख, उपप्रमुख, सम्पुर्ण जननिर्वाचित सदस्य लगाएत सरोकारवाला सबै निकायले देहाय बमोजिमका सुझावहरुको परिपालना गरि पिडीतहरुलाई विपद् पूर्वको अवस्थामा फर्काउन भूमिका खेल्नुपर्ने देखिन्छ ।

- वर्षा लाग्नु भन्दा अगावै विषय व्यवस्थापन सम्बन्धमा गाउटालमा जनचेतना फैलाउनु पर्छ ।
- जोखिम योग्य स्थानहरुको पहिचान गरि पुर्व तयारी गर्नुपर्नेछ ।
- विकास गर्नु पुर्व सम्बन्धित विकासले कति विनास गर्छ सोको निर्क्योल गरेर मात्र विकास गर्नुपर्छ ।
- नगर आपतकालिन कोष खडा गरि प्रचार प्रसार गर्नुपर्ने ।
- वातावरण संरक्षण सम्बन्धि कार्यक्रमहरु लागु गर्नुपर्ने ।
- खोला, नदिहरुमा तटबन्धन व्यवस्थापन तर्फ ध्यान पुऱ्याउनुपर्ने ।
- राहत वितरणकारी निकायहरु तयारी अवस्थामा रहिरहनुपर्ने ।
- विकास गर्नु पूर्व IEE र EIA परिक्षण अनिवार्य गर्नुपर्ने ।
- वृक्षारोपन कार्यक्रम समय समयम अभियानका रुपमा सञ्चालन गर्नुपर्ने ।
- खोलानाला,नदिबाट बालुवा, गिट्टी,रोडा निकासी कार्य सन्तुलित तरिकाले अगाडि बढाउनुपर्ने ।

चौरजहारी नगरपालिका

## अनुसूचीहरु

## अनुसूची - १

### क) प्राकृतिक प्रकोपबाट पिडीत निम्न शिर्षक अनुसार क्षति विवरण

| क. सं. | शिर्षक | जम्मा घर परिवार संख्या | जम्मा रकम |
|---|---|---|---|
| १ | सार्वजनिक स्थानमा बसोवास गरेका घर परिवार संख्या | ४ | ४७,००,०००।०० |
| २ | पूर्ण रुपले आवासमा क्षति भएका | १० | ८५,००,०००।०० |
| ३ | आंशिक रुपले आवास क्षति भएका | २७ | ७८,५९,४००।०० |
| ४ | जमिन तथा खाद्यबालि क्षति भएका | २७ | १९,०२,०००।०० |
| ५ | आगजनीबाट क्षति भएका | ४ | ३,७२,०००।०० |
| ६ | विद्यालय तथा आयोजना | ६ | ३६,३०,०००।०० |
| ७ | सडकको क्षति | ७ | १,००,००,०००।०० |
| **जम्मा** | | **८५** | **३,६९,६३,४००।००** |

### ख) विपद्का कारण घर विछेद् भई सार्वजनिक स्थानमा बसोवास गरेका घरपरिवारको विवरण

| क्र.स. | नामथर | ठेगाना | क्षतिको विवरण | अनुमानित रकम |
|---|---|---|---|---|
| १ | धनसरा वली | चौ.न.पा. १३ | पहिरोले घर क्षति पुऱ्याएको । | १५ लाख |
| २ | तिलक बादी | चौ.न.पा. १० | पहिरोले घर क्षति पुऱ्याएको । | १२ लाख |
| ३ | उदे बादी | चौ.न.पा. १३ | पहिरोले घर क्षति पुऱ्याएको । | १० लाख |
| ४ | गोपाल बादी | चौ न.पा. ७ | पहिरोले घर क्षति पुऱ्याएको । | १० लाख |
| **जम्मा** | | | | **४७,००,०००।००** |

### ग) पूर्ण रुपले आवास क्षति भएका घरपरिवारको विवरण

| क्र.स. | नामथर | ठेगाना | क्षतिको विवरण | अनुमानित रकम |
|---|---|---|---|---|
| १ | बलबीर भण्डारी | चौ.न.पा. ४ | घर पूर्ण रुपमा क्षति भएकोले बस्न समस्या भएको । | १० लाख |

चौरजहारी नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| २ | गोरख परियार | चौ.न.पा.४ | घर पूर्ण रुपमा क्षति भएकोले बस्न समस्या | ८ लाख |
| ३ | यम वहादूर राना | चौ.न.पा. १० | घर पूर्ण रुपमा क्षति भएकोले बस्न समस्या | ७ लाख |
| ४ | वीर बहादुर गिरी | चौ.न.पा. वडा नं. १ | घर पूर्ण रुपमा क्षति भएकोले बस्न समस्या | ८ लाख |
| ५ | यज्ञश्वर वि क | चौ.न.पा. वडा नं. १ | घर पूर्ण रुपमा क्षति भएकोले बस्न समस्या | ९ लाख |
| ६ | खीमलाल सुनार | चौ.न.पा. वडा नं. १ | घर पूर्ण रुपमा क्षति भएकोले बस्न समस्या | १० लाख |
| ७ | तिलक विष्ट | चौ.न.पा. वडा नं. १ | घर पूर्ण रुपमा क्षति भएकोले बस्न समस्या | ८ लाख |
| ८ | देविका गोसाई | चौ.न.पा. वडा नं. १ | घर पूर्ण रुपमा क्षति भएकोले बस्न समस्या भएको । | ८ लाख |
| ९ | शशे भण्डारी | चौ.न.पा. वडा नं. ४ | घर पूर्ण रुपमा क्षति भएकोले बस्न समस्या भएको । | ९ लाख |
| १० | राम बहादुर सार्की | चौ.न.पा. वडा नं. ७ | वर्षाका कारण पूर्ण रुपमा घर भत्कीएको | ८ लाख |
| | | **जम्मा** | | **८५,००,०००।००** |

**घ) आंशिक रुपमा आवास क्षति भएका घरपरिवारको विवरण :**

| क्र.स. | नामथर | ठेगाना | क्षतिको विवरण | अनुमानित रकम |
|---|---|---|---|---|
| १ | मोते गिरी | चौ.न.पा.१ | वर्षाका कारण घर क्षति भएकोले बस्न गाऱ्हो | १० लाख |
| २ | सन्देश लामीछाने | चौ.न.पा. १ | घर, खाद्यान्न, लत्ता, कपडा सामान क्षति ग्रस्त भएको । | ३० हजार |
| ३ | दिपक शर्मा | चौ.न.पा. १३ | घर क्षति भएको । | ५० हजार |
| ४ | अर्जुन रोकाय | चौ.न.पा.१० | घर क्षति भएको । | १ लाख ५० हजार |
| ५ | भद्र व. खत्री | चौ.न.पा. १० | घर क्षति पुऱ्याएको । | ५ लाख |
| ६ | काली कामी | चौ.न.पा. ९ | पहिरोको कारण घरमा बस्न नसक्ने अवस्था सृजना भएको। | ४ लाख |
| ७ | भद्र व. खत्री | चौ.न.पा. १० | पहिरोले घरको क्षति पुऱ्याएको । | ३ लाख |

| | | | | |
|---|---|---|---|---|
| ८ | काली कामी | चौ.न.पा. ९ | घर जोखिममा भएको कारण बस्न नसक्ने अवस्था सृजना भएको । | ३० हजार ११ थान जालि |
| ९ | ज्ञान बहादुर नेपाली | चौ.न.पा. ९ | खोलाले घरलाई क्षति पुऱ्याएको । | २० हजार |
| १० | मोते कामी | चौ.न.पा. वडा नं. १४ | पर्खाल भत्किएकोले घरमा बस्न समस्या भएको | ५० हजार |
| ११ | डिल बहादुर बुढा | चौ.न.पा. वडा नं. २ | पर्खाल भत्किएकोले घरमा बस्न समस्या भएको | ५६ हजार ४ सय |
| १२ | कृष्णा सार्की | चौ.न.पा. वडा नं. ५ | पर्खाल भत्किएकोले घरमा बस्न समस्या भएको । | १ लाख ३० हजार |
| १३ | गणेश नेपाली | चौ.न.पा. वडा नं. ४ | बाढी घरभित्र पसि क्षति भएको । | ३ लाख |
| १४ | जयलाल गिरी | चौ.न.पा. वडा नं. १ | आंशिक रुपमा घर भत्कीएको । | २ लाख |
| १५ | ददे दमाई | चौ.न.पा. वडा नं. ६ | आंशिक रुपमा घर भत्कीएको । | २ लाख |
| १६ | सेतिराम कामी | चौ.न.पा. वडा नं. ५ | घर जोखिममा भएको । | १ लाख ५० हजार |
| १७ | चन्द्रा पुन | चौ.न.पा. वडा नं. ८ | आंशिक रुपमा घर भत्कीएको । | ३ लाख |
| १८ | परमल विष्ट | चौ.न.पा. वडा नं. १३ | घर जोखिममा रहेको । | २ लाख ५० हजार |
| १९ | गोपाल पोखरेल | चौ.न.पा. वडा नं. ३ | हावाहुरीले छानो फालेको कारण घर जोखिममा रहेको । | १ लाख |
| २० | पिम लाल जैसी | चौ.न.पा. वडा नं. ५ | घर भत्केकोले बस्न समेत समस्या भएको । | ३ लाख |
| २१ | चैते बिष्ट | चौरजहारी १३ | घर भत्केकोले बस्न समेत समस्या भएको । | १०,०००,०० लाख |
| २२ | सन्देस रोकाय | चौरजहारी १० | घर भत्केकोले घरमा बस्न समस्या भएको । | १०,०००,०० लाख |
| २३ | गोपाल रोकाय | चौरजहारी १३ | घर भत्केको। | १०,०००,०० लाख |
| २४ | शसे भण्डारी | चौरजहारी ४ | घर भत्केकोले बस्न समस्या भएको । | १ लाख ६३ हजार |
| २५ | टंक बहादुर ओलि | चौरजहारी ११ | घर भत्केकोले बस्न समस्या भएको । | ५० हजार |
| २६ | गोरख परियार | चौरजहारी ४ | घर भत्केकोले बस्न समस्या भएको । | ३० हजार |

चौरजहारी नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| २७ | यम बहादुर राना | चौरजहारी १० | घर भत्केकोले बस्न समस्या भएको । | १ लाख |
| **जम्मा** | | | | **७८,५९,४००।००** |

## ङ) जमिन तथा खाद्यबाली क्षति भएका घरपरिवारको विवरण :

| **क्र.स.** | **नामथर** | **ठेगाना** | **क्षतिको विवरण** | **अनुमानित रकम** |
|---|---|---|---|---|
| १ | ध्वजविर कामी | चौ.न.पा.७ | जमिन र वालिनाली क्षती गरेको । | ३० हजार |
| २ | धनविर कामी | चौ.न.पा.५ | खेत वगाएको । | ३० हजार |
| ३ | कुले कामी | चौ.न.पा.७ | खेत वालि र जमिन क्षति गरेको । | ४२ हजार ५० जालि |
| ४ | बलजित डाँगी | चौ.न.पा.११ | खेतको धान वालि पूर्ण रुपले क्षति पुऱ्याएको । | २५ हजार |
| ५ | पूर्णमान राई ठकुरी | चौ.न.पा. १० | भैसि, धान, मकै, बारी पूर्ण रुपमा क्षति पुऱ्याएको । | ३० हजार |
| ६ | हिम व. पुन | चौ.न.पा.१० | धान, मकै, कोदो, वारी पूर्ण रुपमा क्षेती पूऱ्याएको । | ५० हजार |
| ७ | बिर बहादुर खत्री | चौ.न.पा.११ | शौचालय र केहि जमिन पहिरोले क्षति गरेको । | ५० हजार |
| ८ | विष्णु कुमार खत्री | चौ.न.पा.११ | धान वालि क्षेति भएको । | ५ हजार |
| ९ | दिल व.नेपालि | चौ.न.पा.११ | धान वालि लगाएको खेत खोलाले पुरेर नष्ट गरेको । | २५ हजार |
| १० | प्रेम ब. के.सी. | चौ.न.पा.११ | पहिरोले वालि पूर्ण रुपले क्षति पूऱ्याएको । | २५ हजार |
| ११ | हरि ब. ओली | चौ.न.पा.११ | धान वालि लगाएको खेत पहिरोले क्षति गरेको । | ५ लाख |
| १२ | हरिचन्द्र भण्डारी | चौ.न.पा. ४ | थापाचौर नामको खेतमा पहिरो आई धान खेत पूर्ण रुपमा क्षति भएको । | २५ हजार |
| १३ | तुलसीराम बुढा | चौ.न.पा.१० | छहरेखोला सिंचाइ ट्याङकी पूर्ण रुपमा क्षति भएको । | १ लाख |
| १४ | बले सार्की | चौ.न.पा. वडा नं. १४ | पहिरोका कारण बाली नोक्सान | ६० हजार |
| १५ | जयलाल महतारा | चौ.न.पा. वडा नं. ६ | असिना वर्षाको कारण फलफुल खेति नष्ट | २ लाख |

चौरजहारी नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| १६ | पुष्पा सिंग | चौ.न.पा. वडा नं. १ | हावाहुरी र वर्षाले खेति नष्ट | १ लाख |
| १७ | कालो नेपाली | चौ.न.पा. वडा नं. ११ | खेती नोक्सान | ३० हजार |
| १८ | कृष्णालाल विक | चौ.न.पा. वडा नं. ७ | खेती नोक्सान | ४० हजार |
| १९ | शान्ते घर्ती | चौ.न.पा. वडा नं. ८ | खेती नोक्सान | १ लाख |
| २० | खली जैसी | चौ.न.पा. ७ | खेति बाली नष्ट | १ लाख |
| २१ | गोपाल प्रसाद जैसी | चौ.न.पा. ७ | खेति बाली नष्ट | ५० हजार |
| २२ | हरि प्रसाद जैसी | चौ.न.पा. ७ | खेति बाली नष्ट | ५० हजार |
| २३ | बल बहादुर विष्ट | चौ.न.पा. वडा नं. | खेति बाली नष्ट | १ लाख |
| २४ | दल बहादुर घर्ति | चौ.न.पा. वडा नं. ८ | खेति बाली नष्ट | १ लाख |
| २५ | शान्ते घर्ति | चौ.न.पा. वडा नं. ३ | खेति बाली नष्ट | ३५ हजार |
| २६ | मिरा रोकाय | चौ.न.पा. वडा नं. १२ | खेति बाली नष्ट | ३० वटा तार जालि |
| २७ | प्रेम बहादुर मल्ल | चौ.न.पा. वडा नं. २ | खेति बाली नष्ट | २५ जालि |
| **जम्मा** | | | | **१९,०२,०००।००** |

## च) आगजनीबाट क्षति भएका घरपरिवारको विवरण :

| **क्र.स.** | **नामथर** | **ठेगाना** | **क्षतिको विवरण** | **अनुमानित रकम** |
|---|---|---|---|---|
| १ | यज्ञ बहादुर ओली | चौ.न.पा. वडा नं. ११ | आगजनी | ५० हजार |
| २ | शशिधर खड्का | चौ.न.पा. वडा नं. ४ | आगजनी | ८० हजार |
| ३ | धनिराम कामी | चौ.न.पा. वडा नं. १२ | आगजनी | १ लाख ८२ हजार |
| ४ | एक बहादुर ओलि | चौ.न.पा. वडा नं. १२ | आगजनी | ६० हजार |
| **जम्मा** | | | | **३,७२,०००।००** |

चौरजहारी नगरपालिका

## छ) विद्यालय तथा आयोजनाहरु क्षति भएको विवरण :

| क्र.स. | नामथर | ठेगाना | क्षतिको विवरण | अनुमानित रकम |
|---|---|---|---|---|
| १ | श्री जनकल्यान आधारभूत विद्यालय | चौ.न.पा.१३ | उक्त विद्यालयको क्षति पुऱ्याई पठनपाठनमा समस्या भएको । | २ लाख |
| २ | लावुर खोला लघु जलविद्युत उपभोक्ता समिति | चौ.न.पा. ७ | लावुर खोला लघु जलविद्युतको नहर अविरल वर्षाका कारण १५ मिटर भत्कीएकोले विद्युत अवरुद्ध भएको । | १३ लाख ८० हजार |
| ३ | कालाखोला घोर्लेगोठ नुवाकोटडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समिति | चौ.न.पा.१४ | ३०००० लिटर क्षमताको ट्याङकी पहिरोले क्षति पुऱ्याई जनसमुदायलाई पिउने पानीको समस्या भएको । | १८ लाख |
| ४ | चौफा टाटा खहरे खानेपानी उपभोक्ता समिति | चौ.न.पा.१० | १५०० पाईप लाईन वगाएको कारण । | ५० हजार |
| ५ | दोसान्टा मानाकोट थापागाउँ खानेपानि तथा सरसफाई उपभोक्ता समिति | चौ.न.पा. १० | दोसान्टा मानाकोट थापागाउँ खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पाईप ५० मिटर पहिरोले नष्ट गरेको । | ५० हजार |
| ६ | छाहरी खोला सिचाई ट्याङ्की निर्माण समिति | चौ.न.पा १० | खानेपानि पहिरोले नष्ट गरेको । | १ लाख ५० हजार |
| | | **जम्मा** | | **३६,३०,०००।००** |

चौरजहारी नगरपालिका

## ज) अविरल वर्षाका कारण सडकहरु क्षति भएको विवरण :

| क्र.स. | सडक खण्ड | दुरी (कि.मी.) | अनुमानित रकम |
|---|---|---|---|
| १ | विजयश्वरी - नुवाँकोट | २५ | ६५,००,०००।०० |
| २ | मेलैनाउली - कोटजहारी | ५ | ८०००००० |
| ३ | मेलैनाउली - लहरेसिमल | ५ | ६०००००० |
| ४ | विजयश्वरी - मालिका | ५ | ५०००००० |
| ५ | मेलैनाउली - टाटा - जिब्रेनी | ३ | ४०००००० |
| ६ | टाटा - सानाखोला | ५ | ७०००००० |
| ७ | शान्तिबजार - खागल | ५ | ५०००००० |
| **जम्मा** | | | **१,००,००,०००।००** |

त्रिवेणी गजहरी नगरपालिका

## अनुसूची - २

# तस्विरहरु

**चौरजहारी नगरपालिका वडा नं १० साउनमा आएको बाढीले धानबाली खेतमा पुऱ्याएको क्षति ।**





**चौरजहारी नगरपालिका वडा नं १३ स्थित असारमा आएको भिषण बर्षाको कारण गएको पहिरो अनि जोखिममा रहेको घर र बारी ।**






चौरजहारी नगरपालिका वडा १४ मा साउन ३ गते आएको बर्षाका कारण घर अगाडिको सम्पूर्ण आँगन पहिरो गएपछि जोखिममा रहेको घर ।



चौरजहारी नगरपालिकाको वडा नं १० स्थित खानेपानीको ट्याङ्कीमा क्षति भएपछी खानेपानी नपाएर जनसमुदाय हाहाकार हुनु परेको छ ।



## अविरल बर्षाका कारण साउन १ गते चौरजहारी नगरपालिका (चौरजहारी बजार) वडा नं १ मा  भत्किएका घरहरु











अविरल बर्षाका कारण चौरजहारी नगरपालिका वडा नं ७ मा सञ्चालित विद्युतको पावर हावस बाढीले पुरेपछि विद्युत लाईन अबरुद्ध भएको छ ।



अविरल बर्षाका कारण चौरजहारी नगरपालिका स्थित मोटारबाटो क्षति भएको छ ।



# **धन्यवाद**